उत्तरगया गाउँपालिका

# स्थानीय राजपत्र

| खण्डः ६ | संख्याः २६ | मितिः२०७९/१२/१९ |
|---|---|---|

## भाग-२

## माटो परिक्षण प्रयोगशाला सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावनाः** विरुवालाई आवश्यक सन्तुलित मलखादको मात्रा पुर्ति गरी कृषकहरुको खेतवारीमा आवश्यक पर्ने मलखादको मात्राको यथार्थ विवरण संकलन गरेर माटोको भौतिक एवम् रसायनिक गुणको अध्ययन गरी गुणस्तरिय बाली उत्पादनको लागि सहयोग पुर्याउन माटो परिक्षण गरी स्वाएल हेल्थ कार्ड वितरण कार्यक्रम सञ्चालन गर्ने लक्ष्यले स्थानीय सरकार सञ्चालन

ऐन, २०७४ को दफा ११ को उपदफा (१) ज ले दिएको अधिकार प्रयोग गरी उत्तरगया गाउँकार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम “माटो परिक्षण प्रयोगशाला संचालन कार्यविधि२०७९” रहेकोछ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१)स्वायलहेल्थ कार्ड भन्नाले कुनै स्थानको माटोको अवस्था दर्शाउन त्यस ठाँउको माटो परिक्षण गरी सोआधारमा दिईने प्रतिवेदन बुझ्नुपर्छ।

(२)कार्यपालिका भन्नाले उत्तरगया गाँउकार्यपालिका सम्झनु पर्दछ ।

(३) “प्रयोगशाला“ भन्नालेउत्तरगया गाउँपालिकाको माटो तथा मल परिक्षण प्रयोगशाला बुझ्नुपर्छ।

**३. उद्देश्यः** यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेको छ-

(क) माटोमा रहेकोपहिचान, सम्बन्धित समस्याहरुको समाधान गर्दै प्राङ्गारिक श्रोतको प्रवर्धन गरी कृषि उत्पादनमासुधार ल्याउने,

(ख) माटोको भौतिक एवम् रसायनिक गुणको जानकारी लिने र प्राविधिकको सल्लाह अनुरूप माटोमा आवश्यक तथ्यहरूको उपलब्धता बढाई माटोको गुणमा सुधार ल्याउने ।

## परिच्छेद २

## कार्यक्रम संचालन प्रकृया

**४. संचालन गरिने कार्यक्रमहरूः**

यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु संचालन गरिनेछ ।

(क) उत्तरगया गाउँपालिका वडा नं २, कृषि सेवा केन्द्रमा माटो परिक्षण प्रयोगशाला स्थापना गरिनेछ ।

(ख)प्रयोगशाला संचालनका लागि आवश्यक औजार, उपकरण, रसायन, किट्स, apparatus हरु व्यवस्थापन गरिनेछ ।

(ग) माटोको नमुना संकलन, माटो परिक्षणको आवश्यकता र परिक्षण व्यवस्थापन सम्बन्धमा गाउँपालिकाबाट संचालित साझेदारी कृषि तथा पशुविकास उद्यमशिलता परियोजना कार्यक्रम मार्फत गठन भएका समुहका सदस्यहरुलाई सहभागितामुलक फिल्डस्तरको तालिम संचालन गरिनेछ ।

(ग) माटोको नमुना संकलन पश्चात प्रयोगशालामा ल्याई प्राविधिकहरु मार्फत उक्त माटोका नमुनाहरु परिक्षण गरिनेछ । माटोको नमुना परिक्षण गर्ने सम्बन्धमा आवश्यक पर्ने रसायन तथा माटोको गुणस्तर चेकजाँच गर्ने मेशिनरी औजार उपकरण खरिद गर्न सकिनेछ ।

(घ) संकलित नमुनाको Routine analysis (पि.एच. प्राङ्गारिक पदार्थ, नाइट्रोजन, फस्फोरस, पोटास र बुनौट)

साथै सुक्ष्मतत्वहरू (बोरोन, जिंक) परिक्षण गरी सोहि तत्वहरुका विश्लेषण गरी soil health card मा समावेश गरिनेछ ।

(ङ) माटोको नमुनाहरू विश्लेषण पश्चात परिक्षणको नतिजाको आधारमा प्रतिवेदन तयार गरिनेछ।

(च) अन्तमा स्वायल हेल्थ कार्ड वितरण गरिनेछ ।

(छ) स्वायल हेल्थ कार्डको प्रतिवेदन अनुसूची–१ बमोजिमको हुनेछ ।

(ज) कार्यक्रमको लागि लाग्ने खर्चहरुको सम्बन्धमा प्रचलित कानुन बमोजिम लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम संचालन गर्नु पर्नेछ ।

५. माटो परिक्षण गरी स्वायल हेल्थ कार्ड वितरण कार्यक्रम प्रतिवेदनः माटोको जाँच गरी स्वायल हेल्थकार्ड प्राप्त किसानहरुको नाम, ठेगाना, माटोको परिणाम, मलखाद सिफारिस सहितको संलग्न प्रतिवेदनहरू तयार गरी उत्तरगया गाउँपालिकाको माटो तथा मल परिक्षण प्रयोगशालामा राख्नुपर्ने छ ।

## परिच्छेद ३

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

**६. आर्थिक अनुशासनः** कार्यक्रमका लागि आवश्यक औजार, उपकरण, रसायन, किट्स, apparatus हरु सार्वजानिक खरिद ऐन, २०६३ तथा सार्वजानिक खरिद नियमावली, २०६४ र प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद ४

## विविध

**७. अनुगमन तथा मुल्याङ्कन:**

(क) उत्तरगया गाउँकार्यपालिका बाट नियमित अनुगमन तथा मुल्याङ्कन हुनेछ ।

(ख) उत्तरगया गाउँकार्यपालिका बाट अनुगमन निरिक्षण गरी आवश्यक निर्देशन दिनसक्ने छ ।

**८. बाधा अड्काउ फुकाउने:**

(१) कार्यविधि कार्यान्वयनको सन्दर्भमा उत्तरगया गाउँकार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आईपरेमा वा विवाद उत्पन्न भएमा उत्तरगया गाउँकार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार उत्तरगया गाउँकार्यपालिकाले संशोधन गर्न सक्ने छ ।

## अनुसुची १

## स्वाएल हेल्थ कार्डको प्रतिवेदन

उत्तरगया गाउँपालिका

कृषि सेवा केन्द्र

माटो परिक्षण प्रयोगशाला

डाँडागाउँ, रसुवा

माटो स्वस्थताको प्रमाणपत्र तथा मलखाद सिफारिस प्रतिवेदन

मिति ............

दर्ता नः

नामः

ठेगानाः

वडा नः

खेत/बारीः

माटोको बनोटः बलौटे /पाँगो /चिम्टे

माटोको स्वस्थता अवस्थाः

| माटोको पि.एच. | प्रांगारिक पदार्थ | नाइट्रोजन | फस्फोरस | पोटास | जिंक | बोरोन | अन्य परिक्षण |
|---|---|---|---|---|---|---|---|
| अम्लिय | कम | कम | कम | कम | कम | कम | कम |
| तटस्थ | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम |
| क्षारिय | अधिक | अधिक | अधिक | अधिक | अधिक | अधिक | अधिक |

## सिफारिस प्रतिवेदन

१. कृषि चुन ..............के.जी  प्रति रोपनी

२. रसायनिक मलको साथमा गुणस्तरीय प्रांगारिक मल तल दिइएको मात्रामा अनिवार्य प्रयोग गर्नुहोस ।

१५०० कि.ग्राम वा ६० डोको मल प्रति रोपनी  १००० कि.ग्राम वा ४० डोको मल प्रति रोपनी   ५०० कि.ग्राम वा २० डोको मल प्रति रोपनी

३. खाद्यतत्वको सिफारिस मात्रा

| बाली को नाम | युरीया कि.ग्रा. प्रति रोपनी | | | डि.ए.पी कि.ग्रा. प्रति रोपनी | | | पोटास कि.ग्रा. प्रति रोपनी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| धान सिंचित | कम | मध्यम | उच्च | कम | मध्यम | उच्च | कम | मध्यम | उच्च |
| | १०.८५ | ५.४३ | २.७१ | ३.२६ | १.६३ | ०.८२ | २.५१ | १.२५ | ०.६३ |
| मकै बर्षे | ६.५१ | ३.२६ | १.६३ | २.१७ | १.०९ | ०.५४ | १.६७ | ०.८४ | ०.४२ |
| हिउँदे मकै | ६.५१ | ३.२६ | १.६३ | ३.२६ | १.६३ | ०.८२ | २.५१ | १.२५ | ०.६३ |
| गँहु | १०.८ | ५.४३ | २.७ | ५.४३ | २.७ | १.३ | २.१ | १.० | ०.५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ५ | | १ | | १ | ७ | ७ | ९ | ५ |
| कोदो | ६.५१ | ३.२६ | १.६३ | ४.३४ | २.१७ | १.०९ | २.५१ | १.२५ | ०.६३ |
| आलु | २३.८७ | ११.९५ | ५.९७ | १५.१९ | ७.६० | ३.८० | ८.३५ | ४.१८ | २.०९ |

प्राविधिकः

**आज्ञाले**

**दिपक प्रसाद अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**